का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० साउन २०८१,
बिहीबार
25 July 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# त्रिभुवन विमानस्थलमै विमान दुर्घटना, १८ जनाको मृत्यु

सरकारले बिहीबार शोक व्यक्त गर्दै राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ भने दुर्घटना छानबिनका लागि रतीशचन्द्रलाल सुमनको संयोजकत्वमा आयोग गठन गरेको छ ।





"अब यस्तो कहिल्यै नहोस् ।

■ केपी शर्मा ओली
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

सौर्य एयरको जहाज त्रिभुवन विमानस्थलमा दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट पोखराका लागि उडेको बुधबार बिहान उड्ने वित्तिकै दुर्घटनामा परेको एयरलाइन्सका पाइलट मनिष शाक्यको भने जिवितै उद्धार भएको छ । गम्भीर घाइते शाक्यको काठमाडौं मेडिकल कलेजमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार विमानमा १९ जना थिए । त्यसमध्ये एक जना यमनका नागरिक थिए ।

क्याप्टेन शाक्यको भने जिवितै उद्धार भएको हो । उनको केएमसी अस्पतालमा उपचार भइरहेको छ ।

बिहान ११ बजेपछि बजे काठमाडौँबाट पोखरा जान लागेको सौर्य एयरलाइन्सको जहाज विमानस्थलको धावनमार्ग नजिकै दुर्घटनामा परेको हो ।

सरकारले दुर्घटना छानबिनका लागि रतीशचन्द्रलाल सुमन संयोजकत्वमा आयोग गठन गरेको छ । दुर्घटना पछि बुधबार बसको मन्त्रिपरिषद्को आकस्मिक बैठकले नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सुमनको संयाजकत्वमा ५ सदस्यीय आयोग गठन गरेको हो ।

सरकारका प्रवक्ता एवम् सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार सदस्यमा नेपाल वायु सेवा निगमका क्याप्टेन दिपु ज्वारचन, पुल्चोक क्याम्पसका प्राध्यापक कुलदीप भट्टराई र सञ्जय अधिकारी रहेका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका एयर ट्राफिक कन्ट्रोल अफिसर मुकेश डंगोल सदस्य सचिव रहेका छन् । आयोगलाई ४५ दिन समय दिइएको छ ।

सरकारले बिहीबार शोक मनाउने निर्णय पनि गरेको छ । शोक मनाउन राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय भएको सञ्चारमन्त्री गुरुङले जानकारी दिए ।

दुर्घटनापछि प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक लगायत त्रिभुवन विमानस्थलमै पुगेका थिए । प्रधानमन्त्री ओली दुर्घटनामा परी घाइते भएका क्याप्टेन शाक्यको स्थिति बुझ्न केएमसी अस्पताल पुगेका थिए । शाक्यको आइसीयुमा उपचार »» पृष्ठ २ मा

# उच्च नैतिक चरित्रको प्रश्नमा पन्छिए प्रधान

निर्वाचन आयोगका लागि प्रस्तावित आयुक्त कृष्णमान प्रधानलाई लागेको 'यौन दुर्व्यवहार'को गम्भीर आरोपमा सांसदहरुले जमेरै बहस गरे । तर अदालतमा मिलापत्र भइसकेको विषयमा पुन: छलफल गर्न नहुने बुझाइमा आफू रहेको भन्दै पन्छिए ।



"प्रस्तावित आयुक्तको कुरा सुनिएको छ । थप छलफल आवश्यक भएपछि अर्को बैठक बस्नुपर्ने निष्कर्षमा पुगिएको छ । त्यसकारण अनुमोदन हुने वा नहुने विषयमा अब बस्ने बैठकमै छलफल हुन्छ ।

■ पशुपति शमशेर जबरा
सभापति, संसदीय सुनुवाइ समिति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन ।

निर्वाचन आयोगका लागि प्रस्तावित आयुक्त कृष्णमान प्रधानको संसदीय अनुमोदन हुने/नहुने अनिश्चित भएको छ । संवैधानिक निकायका अधिकारीहरु, राजदूत र न्यायाधीशउपर संसदीय सुनुवाइ भएकै दिन अनुमोदनको निर्णय गर्ने अभ्यास छ । तर, प्रधानको हकमा बिहीबार कुनै निर्णय भएन ।



बिहीबार सुनुवाइ समितिले प्रधानको सुनुवाइ गरेको हो । सुनुवाइका क्रममा निर्वाचन आयोगका लागि प्रस्तावित आयुक्त प्रधानलाई लागेको 'यौन दुर्व्यवहार'को गम्भीर आरोपमा सांसदहरुले जमेरै बहस गरे । तर, अदालतमा मिलापत्र भइसकेको विषयमा पुन: छलफल गर्न नहुने बुझाईमा आफू रहेको भन्दै पन्छिए । जवाफमा उनल भनेका छन्, 'मिलापत्र भइसकेको विषयमा आफू नबोल्ने' बताए ।

यसअघि असार २१ गते नै सुनुवाइ हुने तय भएर पनि रोकिएको »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सीप सिकेर विदेश जाने क्रम बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन

पछिल्ला वर्षहरुमा सीप सिकेर वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ । वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष वैदेशिक रोजगारमा नयाँ तथा पुन: श्रम स्वीकृति लिएका ७ लाख ४२ हजार २ सय ९७ जनामध्ये ५ लाख ९५ हजार ७ सय ५० जना कुनै न कुनै सीप सिकेर वैदेशिक रोजगारीमा गएका छन् । प्रतिशतका हिसाबले सीप लिएर जानेको संख्या ८० प्रतिशतभन्दा बढी हो ।

गत वर्ष कुनै पनि सीप नभएका अर्थात अदक्ष कामदारको संख्या १ लाख ४४ हजार ५ सय ५७ रहेको छ । उक्त संख्या प्रतिशतका हिसाबले २० प्रतिशतभन्दा कम हो । गत वर्ष ५ सय ३७ पुरुष र १ सय ९५ जना महिला गरी ७ सय ३२ जना उच्च दक्ष, २ हजार ४ सय ७ जना पुरुष र ३ सय ६५ महिला गरी २ हजार ७ सय ७२ जना व्यावसायिक दक्ष, ५३ हजार ४ सय ५७ पुरुष र ६ हजार ६ सय ६६ जना महिला गरी ६० हजार १ सय २३ जना सेमि स्किल्ड र ४ लाख ८१ हजार ८ सय ७० जना पुरुष र ५० हजार २ सय ५३ महिला गरी ५ लाख ३२ हजार १ सय २३ जना सीप सिकेका नेपाली वैदेशिक रोजगारमा गएका छन् ।

अदक्ष कामदारको हैसियतमा जानेमा १ लाख २२ हजार ८५ जना पुरुष र २२ हजार ६ सय ९३ महिला गरी १ लाख ४५ हजार ५ सय ४७ जना वैदेशिक रोजगारीमा गएका छन् । सरकारले सीप नभएका नेपालीलाई वैदेशिक रोजगारीमा नपठाउने नीति बनाउने बताउँदै आएको छ ।

हाल संस्थागतरुपमा नेपालले वैदेशिक रोजगारीका लागि १ सय १० देश खुला गरेको छ भने व्यक्तिगत श्रम स्वीकृतिमा विश्वका १ सय ७२ मुलुकमा नेपालीहरु कामका लागि वैदेशिक रोजगारीका लागि गएको पाइन्छ । वैदेशिक रोजगार खुला गरिएका मुलुकमध्ये दक्षिण कोरिया, इजरायलमा सरकारी सम्झौताअनुरुप कामदार गएका छन् । जापानसँग पनि सरकारी स्तरबाट रोजगारीका लागि कामदार पठाउने श्रम सम्झौता गरिएको छ ।

खाडी र मलेसियाको तुलनामा दक्षिण कोरिया र »» पृष्ठ २ मा

### सिंगापुर पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** आकर्षक तलब सुविधासहितको वैदेशिक रोजगारीका लागि सिंगापुर पठाइदिने प्रलोभनमा पारेर करिब साढे तीन लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले वैदेशिक रोजगारीका लागि सिंगापुर पठाइदिने प्रलोभनमा ३ लाख ३६ हजार ठगी गरेको आरोपमा उदयपुरकी अनुजना राईलाई पक्राउ गरिएको बताएको छ । राई उक्त रकम लिएर लुकेर टोखा नगरपालिका १० सिंगापुर कलोनीमा बसिरहेको अवस्थामा बिहीबार पक्राउ परेकी हुन् । उनले हाल नाम नखुलेका »» पृष्ठ २ मा

# स्वदेश फर्कन चाहन्छन् रुसी सेनामा रहेका नेपाली

## उद्धारका लागि ३२३ जनाको निवेदन, ११६ जना सम्पर्कविहीन

**शिव विक/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

परराष्ट्रमन्त्री आरजु राणाका अनुसार रुसी सेनामा रहेका नेपालीहरूले स्वदेश फर्कन चाहन्छन् । उनका अनुसार दुई देशको युद्धमा परेका ३२३ जनाले उद्धारका लागि निवेदन नै दिएका छन् भने सरकारको रेकर्डमा ११६ जना सम्पर्कविहीन रहेका छन् ।



बुधबार प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा परराष्ट्रमन्त्री राणाले यस्तो जानकारी गराएकी हुन् । उद्धारका लागि उच्च कूटनीतिक तहमा निरन्तर पहल भइरहेको उनले बताइन् । मस्कोस्थित नेपाली राजदूतावासले समन्वय गरी रुसी सेनाबाट नेपाल फर्काउन पहल गरिरहेको उनको भनाइ छ ।

नेपाली कांग्रेसका सांसद उदय शमशेर जबराले रुस र युक्रेन युद्धमा नेपालीहरू रहेको र उनीहरू रोजगारीको खोजीमा त्यहाँ पुगेको बताएका थिए । नेपालको कुनै सरोकार नभएको विषयमा नेपालीहरू नै रुस र युक्रेनको पक्षमा रहेर लडिरहेको भन्दै सरकारको ध्यानार्षण गरेका थिए ।

यस सम्बन्धमा अन्य सांसदहरूल समेत जानकारी माग गरेका थिए । जवाफमा परराष्ट्रमन्त्री राणाले रुस र युक्रेन युद्धमा परेका ३२३ जना नेपालीको उद्धारका लागि परराष्ट्र मन्त्रालयमा निवेदन दिएको जानकारी दिइन् । सम्पर्कमै नरहेको भनी खोजी र फिर्ताका लागि निवेदन दिएको संख्या ११६ जना रहेको पनि उनले बताइन् ।

उद्धारका लागि उच्च कूटनीतिक तहमा निरन्तर पहल भइरहेको र थप सक्रियता लिने उनको प्रतिवद्धता छ । मस्कोस्थित नेपाली राजदूतावासले समन्वय गरी रुसी सेनाबाट नेपाल फर्काउन पहल भइरहेको पनि उनले जानकारी दिइन् ।

परराष्ट्र मन्त्रालयका अनुसार हालसम्म रुसी सेनामा ज्यान गुमाएकाको संख्या ३४ जना रहेको छ । डीएनए परीक्षणका लागि दिइएको संख्या २२ रहेको छ । युक्रेनमा ६ जना युद्धबन्दीको रुपमा रहेका छन् ।

घाइते भई उपचाररत ५ जनामध्ये एक जना नेपाल फर्किएका छन् । यसका अलावा रुस पुगेकामध्ये १५० जना नेपाल फर्किएका छन् । बाँकी नेपाल फर्किनेहरूका लागि समेत सरकारले सक्रियताका साथ काम गर्ने परराष्ट्रमन्त्री राणाको प्रतिवद्धता छ ।

रुस र युक्रेन दुवै मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध छ । तर, दुई देशबीच जारी युद्धसँग नेपालको कुनै सरोकार छैन । तथापि, युद्धमा दुवै देशको पक्षबाट लड्न नेपालीहरू समेत सेनामा सामेल भएपछि नेपालको सरोकार जोडिएको हो । नेपालले दुवै सेनामा भर्ती नहुन नेपालीहरूलाई भनेको छ । दुवै देशलाई नेपालले आफ्ना नागरिकलाई स्वदेश फर्काइदिन भनेको छ । तर, नेपालको पहलले सार्थकता लिन नसकेको भनेर आलोचना समेत हुने गरेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१० साउन २०८१, बिहीबार
25 July 2024, Thursday

एकीकृत समाजवादीको बैठक बस्दै

# पदाधिकारी र केन्द्रीय सदस्यहरुको टुंगो लगाइने

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, ९ साउन

नेकपा (एकीकृत समाजवादी) ले केन्द्रीय कमिटी बैठक बोलाएको छ । बैठक साउन १० गते बिहीबार बिहान ११ बजे पार्टी मुख्यालय आलोकनगरमा बस्ने भएको हो । बैठकमा केन्द्रीय कमिटीलाई पूर्णता दिन कार्यविधि तथा मापदण्ड बनाउने, कमिटीलाई पूर्णता दिएपछि मात्रै पदाधिकारी चयन गर्नेलगायत विषयमा छलफल हुनेछ ।

केन्द्रीय सदस्यका लागि सबै प्रदेशले केन्द्रमा पठाएको सिफारिसलाई मुख्य आधार बनाएर नेताहरूको योगदान र क्षमताको मूल्यांकन गरी सन्तुलन मिलाएर मनोनयन गर्ने महासचिव घनश्याम भुसालले बताए । पार्टीमा दुई सय ६ केन्द्रीय सदस्य पद रिक्त छन् ।

असार १६ देखि २० को महाधिवेशनले अध्यक्षमा माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालसहित ९३ केन्द्रीय सदस्य चयन गरेको हो । केन्द्रीय कमिटी २ सय ९९ र २१ पदाधिकारी चयन गर्नुपर्नेमा ३ पदाधिकारी ९३ केन्द्रीय सदस्यको मात्र टुंगो लागेको छ ।




पदाधिकारीमा वरिष्ठ उपाध्यक्ष, उपमहासचिव, सचिवका साथै केन्द्रीय सदस्यमा पदभन्दा बढी नेता आकांक्षी भएपछि सहमति जुट्न नसकेको हो । केन्द्रीय कमिटी बैठकले पदाधिकारी र केन्द्रीय सदस्यको टुंगो लगाउने निर्णय भएको छ ।

'पदाधिकारी र केन्द्रीय सदस्यका आकांक्षी बढी भएकाले मिलाउन बाँकी छ,' नेता जगन्नाथ खतिवडाले भने, 'अब नयाँ केन्द्रीय कमिटी बैठकले टुंगो लगाउने छ ।' वरिष्ठ उपाध्यक्ष, उमहासचिव र सचिव सहित १९ पदाधिकारी र २ सय ६ केन्द्रीय सदस्य चयन गर्नुपर्ने उनले बताए । बाँकी सदस्य आगामी १० दिनभित्र पूर्णता दिने बताए पनि अधिवेशन सकिएको लामो समय वितिसक्दा पनि सदस्यहरुको नाम घोषणा गर्न सकेको छैन । समावेशीकरणको सिद्धान्तअनुसार महिला र खुला समूह निर्धारण गरी २५ देखि ४५ वर्षको उमेर समूह र खुला उमेर समूह निर्धारण गरिएको छ ।

एकीकृत समाजवादीमा ३३ प्रतिशत महिला र २० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित भएको छ । पार्टीले समावेशिताको अनुपात र संख्या निर्धारण गरी भूगोल, खुला र समावेशी क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गरेको छ ।

समावेशिताको अनुपात र संख्याअन्तर्गत दलित २०, आदिवासी जनजाति ४०, मधेसी २०, थारू ९, मुस्लिम ६, अल्पसंख्यक ३ र अपाङ्गता भएका व्यक्ति २ प्रतिशत हुनेगरी प्रतिनिधित्वको सुनिश्चितता गरेको नेता सोमप्रसाद पाण्डेयले जानकारी दिए ।

समावेशीकरणको सिद्धान्तअनुसार समावेशी महिला र समावेशी खुला समूह निर्धारण गरी २५ देखि ४५ वर्षको उमेर समूह र खुला उमेर समूह निर्धारण गरिएको छ । युवा, प्रौढ र वृद्धको सहभागितालाई सुनिश्चितता गरेको पार्टीले हरेक तहको कमिटीमा एक व्यक्ति, एक प्रमुख जिम्मेवारी र बढीमा दुई कार्यकाल मात्र कार्यकारी प्रमुख रहने व्यवस्था छ ।

अब केन्द्रीय सदस्य हुन व्यक्ति कुनै समुदाय, लिंग वा उमेर समूहको भएर मात्र पुग्दैन । विगतमा जिम्मेवारी सम्पादनको अवस्था, पार्टी नीतिको व्याख्या, विश्लेषण गर्ने क्षमता, जनताबीचको लोकप्रियतालाई आधार बनाइएको छ । यो व्यवस्था विधानको अपरिवर्तनीय धाराका रूपमा राखिएको छ ।

# टोखा वनदेवी मार्गमा भासियो जमिन

## प्राधिकरणको टोली र सिडिओद्वारा निरीक्षण



**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ साउन

काठमाडौंको टोखा ११ वनदेवी मार्गको जमिन भासिन थालेको छ । जमिन भासिएसँगै उक्त स्थानमा रहेका घरहरु चर्किएका छन् । जमिन भासिएर ७/८ वटा घरहरु बगेको छ ।

जमिन भासिएर घरहरु चर्किएपछि विपद व्यवस्थापन प्राधिकरण र काठमाडौंका प्रमुख जिल्ला अधिकारीको टोलीले निरीक्षण गरेको छ । बुधबार बिहान राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुखसहित प्राविधिकहरु र जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख र जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख बसन्त रजौरेको टोलीले निरीक्षण गरेका हुन् ।

मंगलबार स्थानीयले नगरपालिकालाई उक्त विषयमा जानकारी गराएका थिए । त्यसपछि नगरपालिकाबाट नगर प्रमुख प्रकाश अधिकारी, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, वडा अध्यक्ष घनश्याम खड्कासहित वडाका जनप्रतिनिधिहरु र प्राविधिकहरुले निरीक्षण गरी जिल्ला प्रशासन कार्यालय काठमाडौं र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यालयलाई पत्राचार गरेका थियो ।

निरीक्षणमा जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जितेन्द्र बस्नेत, सहायक प्रमुख जिल्ला अधिकारी माधव प्रसाद ढुंगाना, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेल, इन्जिनियर अर्जुनकुमार बमसहितका प्राविधिकहरु, जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख बसन्त रजौरेसहितको नेपाल प्रहरीको टोली, राष्ट्रिय अनुसन्धान काठमाडौंका विकास पाण्डे, नेपाली सेना नरसिंह दल गणबाट प्रमुख सेनानी गणेश खड्काको टोली, सशस्त्र प्रहरी बल काठमाडौंबाट शैलेश श्रेष्ठको टोली, टोखा नगरपालिकाको नगर प्रमुख प्रकाश अधिकारी, उपप्रमुख मुरारी तामाङ, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी, वडा नं. ८ का वडाअध्यक्ष रमेश खत्री र वडा नं. ११ वडाअध्यक्ष घनश्याम खड्का लगायत वडासदस्यहरु, नगर प्रहरीको टोली र स्थानीयबासीको सहभागिता रहेको थियो ।

निरीक्षणपछि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले जोखिम भएका घरहरुको प्राविधिक खटाएर काम शुरु गर्ने र त्यसका लागि नगरपालिकाले सहजीकरण गर्नुपर्ने बताए । टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले नगरको प्राविधिक टोली र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्राविधिकहरुको टोली मिलेर जोखिम न्यूनीकरणका लागि कार्य अगाडि बढाउने बताए ।

# एक वर्षभित्र नेपाललाई सडक बालबालिका मुक्त राज्य बनाइने



**काठमाडौं/मस**-सरकारले २०८२ असार मसान्तसम्म नेपाललाई सडक बालबालिकामुक्त राज्य बनाउने निर्णय गरेको छ । गत असार ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

बैठकले बाढीपहिरो जस्ता विपद्का कारण बेपत्ता भइ घटना घटेको १० दिनसम्म पनि फेला पर्न नसकेको व्यक्तिका परिवारलाई मृतक सरह राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले देशका विभिन्न भागमा हालै गएको बाढी पहिरामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण, पीडित परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

बैठकले कीर्तिपुर क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय मापदण्डअनुरुप 'फ्लड लाइट जडान' र 'प्याराफिट' निर्माणको कार्य तीन सय दिनभित्र सम्पन्न गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए । बैठकले नेपाल सरकारको प्रवक्तामा सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई तोकेको छ ।

परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने निर्णय भएको उनले जानकारी दिए ।

मन्त्रिपरिषद्ले नेपाल सरकारको रिक्त मुख्यसचिव पदमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (हाल निमित्त मुख्यसचिव) लीलादेवी गड्तौलालाई कायम मुकायम मुकरर गरेको छ । बैठकले नेपालमा लोकतन्त्र स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति सम्मान र श्रद्धाञ्जली अर्पण गरेको छ ।

# संविधानको मर्मविपरीत सार्वजनिक निकायमा नियुक्ति नगर्न आयोगको निर्देशन

**काठमाडौं/मस**-राष्ट्रिय मानव अधिकार आयोगले लोकतन्त्रको भावना र संविधानको मर्मविपरीत हुनेगरी सार्वजनिक निकायमा नियुक्ति नगर्न/नगराउन निर्देशन गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा राज्यका महत्वपूर्ण संवैधानिक पदमा विवादमा आएका व्यक्तिलाई नियुक्ति नगर्न नेपाल सरकारलगायत सम्बन्धित निकायलाई निर्देशन गरिएको उल्लेख छ ।

आयोगले नेपाल सरकार, संवैधानिक परिषद् तथा राज्यका विभिन्न जिम्मेवार तहबाट कार्यपालिका, संवैधानिक निकाय तथा विभिन्न सार्वजनिक निकायका उच्चपदमा फौजदारीलगायत विभिन्न अभियोगमा राज्यको कारबाही तथा छानबिन प्रक्रियामा रहेका एवं सामाजिक र नैतिक रुपमा विवादित व्यक्तिलाई नियुक्ति सिफारिस गरेको र नियुक्ति गर्ने क्रममा रहेको जानकारी आयोगलाई प्राप्त भएको जनाएको छ ।




राज्यका निकायमा नियुक्ति हुने व्यक्तिहरु सामाजिक रुपमा स्वच्छ छवि भएको, विवादरहित, उच्च नैतिक चरित्र भएको र कानुनी रुपमा फौजदारी अभियोगमा सजायन भएको हुनुपर्दछ भन्ने लोकतन्त्रको आधारभूत मान्यता, सभ्य समाजको अपेक्षा र सार्वजनिक सरोकारको विषय हो ।

## हेटौंडामा आँखा परीक्षण शिविर

# दोस्रो दिन ७६ जनाको आँखा परीक्षण

**हेटौंडा/मस**- टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगरपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा भएको निःशुल्क आँखा परीक्षण शिविरको दोस्रो दिन ७६ जनाको आँखा परीक्षण गरिएको छ ।

मंगलबारदेखि हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा शुरु भएको आँखा परीक्षण शिविरमा बुधबार ७६ जनाको आँखा परीक्षण गरिएको टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताए । बुधबार हेटौंडा-१९ स्थित नेवारपानी शहरी स्वास्थ्य केन्द्रमा शिविरको आयोजना गरिएको थियो ।

५० वर्षभन्दा माथि उमेर समूह र मधुमेहका बिरामी लक्षित शिविरमा बुधबार गरिएको परीक्षणमा १७ जना बिरामीको आँखामा समस्या देखिएको अध्यक्ष अधिकारीले बताए ।

टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको आँखा परीक्षण शिविरमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ का सदस्य रमा गोले, हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनिल थकाली, प्राविधिक मिनबहादुर रोकाया, टोल विकास वडा समन्वय समिति हेटौंडा-१९ का अध्यक्ष देवेन्द्र अर्यालगायतको आतिथ्यता रहेको थियो ।

# धातुका भाँडा र मूर्तिसहित २ जना पक्राउ

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ९ साउन

बर्दिया प्रहरीले ऐतिहासिक धातुका भाँडा तथा मूर्तिसहित २ जनालाई नियन्त्रणमा लिएको छ ।

बर्दियाको बाँसगढी नगरपालिका वडा नम्बर ५ स्थित पूर्वपश्चिम राजमार्गबाट प्रहरीले भारी मात्रामा धातुको ऐतिहासिक सामग्रीहरुसहित उनीहरुलाई नियन्त्रणमा लिएको हो । पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको भे १ च १६९७ नम्बरको बोलेरो गाडीलाई चेकजाँच गर्ने क्रममा १४ पोका ऐतिहासिक सामग्रीहरुसहित गाडी चालक र उनका सहयोगीलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।



पक्राउ पर्नेमा बोलेरो चालक बर्दियाको गुलरिया नगरपालिका वडा नम्बर ११ लालपुर बस्ने २१ वर्षीय संजय राढ र सहयोगी भारतको बहराइच जिल्ला लौकाही बस्ने वर्ष ४८ का जब्बर खाँ रहेका छन् । पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरी कार्यालय बर्दियाका प्रहरी नायव उपरीक्षक तुल्सीराम अर्यालले जानकारी दिए ।

# नगरकोटको सीमा समस्या सुल्झाउने तयारी

**काभ्रेपलाञ्चोक/मस**-काभ्रेपलाञ्चोक र भक्तपुरको सिमास्थलमा अवस्थित पर्यटकीय क्षेत्र नगरकोटमा ववर्षौंदेखिको सीमाकंन समस्या समाधा गर्न चार नगरका जनप्रतिनिधिले छलफललाई तीव्रता दिएका छन् । उनीहरुले केही महिनामै उक्त समस्या सुल्झाउने तयारी गरिरहेका छन् ।

यसअघि चार नगरका जनप्रतिनिधि एवं सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित 'सीमा समस्या समाधान' समिति गठन गरिएको थियो ।

गठित समितिले अनुगमन निरीक्षण गरी सीमाकंन समस्या समाधानका उपाय र विकल्पबारे प्रतिवेदन बुझाएपछि छिट्टै समस्या सुल्झाउने तयारीमा लागेको जनाएका छन् । समितिले बुझाएको प्रतिवेदनको आधारमा सीमा समस्या सुल्झाउन चार नगरका जनप्रतिनिधिले तीन पटक संयुक्त छलफल गरिसकेको काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगर प्रमुख टोकबहादुर वाइबाले बताए ।

उनका अनुसार तीन महिनाभित्र सीमा समस्या समाधान गर्न चारै नगरका जनप्रतिनिधिले तयारी गरेका छन् । नगरकोट काभ्रेपलाञ्चोकको मण्डनदेउपुर र बनेपा तथा भक्तपुरको चाँगुनारायण र शंखरापुर नगरपालिकाको संगमस्थल हो । नापी विभागका नापी अधिकृत डिल्लीप्रसाद दाहालको संयोजकत्वमा चारै नगरका वडाअध्यक्षलगायत जनप्रतिनिधि तथा काठमाडौं, काभ्रेपलाञ्चोक र भक्तपुर जिल्लाका नापी कार्यालय प्रमुख एवं प्रतिनिधि, सम्बन्धित स्थानीय तहका नापी शाखा प्रमुख तथा प्राविधिक सम्मिलित समिति गठन गरिएको थियो । वाइबाका अनुसार समितिले सीमा समस्या समाधानका उपाय र विकल्पलाई आधार मानी तयारी थालिएको छ ।



समितिले समाधानको विकल्पमा विसं २०१७/१८ मा गरिएको नापीलाई आधार मान्नुपर्ने विषयलाई प्राथमिकतामा राखेको वाइबाले बताए ।

समस्या समाधानका लागि मण्डनदेउपुर नगरका प्रमुख वाइबा, बनेपाका नगर प्रमुख शान्तिरत्न शाक्य, शङ्खरापुरका नगर प्रमुख रमेश नापित र चाँगुनारायणका नगरप्रमुख जीवन खत्रीले छलफललाई तीव्रता दिएका छन् । यसअघि नगरकोटमा 'पानी ढलो'का रुपमा काभ्रेपलाञ्चोक र भक्तपुर पर्ने बताइँदै आइएको थियो ।

नगरकोटका ठूला होटलले सार्वजनिक जग्गा हड्पी भवन बनाएर होटल सञ्चालन गरेको विषयमासमेत विवाद हुँदै आएकाले सबै समस्या समाधान गर्ने र त्यस स्थललाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले दुई वर्षअघि चाँगुनारायणका नगर प्रमुख खत्री र मण्डनदेउपुरका नगर प्रमुख वाईवासहितको टोलीबीच सहमति भएको थियो ।

विसं २०७९ पुसमा भएको सहमतिमा नगरकोटको सीमाङ्कन गर्ने, सार्वजनिक जग्गा पहिचान गर्दै संरक्षण गर्ने र यस स्थललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने निर्णय गर्दै गुरुयोजना निर्माण गर्न दुवै नगरले रु १०-१० लाख बजेटसमेत विनियोजन गरेका थिए । नगरकोटको जमिन होटल रिसोर्ट तथा अन्य व्यक्तिले मिचेको विषयमा दुई नगरले नापी कार्यालयको सहयोगमा आन्तरिक अनुमगन निरीक्षण गरिरहेको वाइबाले बताए । उनका अनुसार पहिला दुई जिल्लाको सीमा समस्या समाधान गरेपछि आ-आफ्नो जिल्लाको नापी तथा मालपोत कार्यालयसँगको समन्वयमा जमिन हडपेको विषय खोजी गर्ने सहमति भएको छ ।

यसअघि नगरकोटको पर्यटन विकासका लागि दुवै जिल्लाका सिमाना जोडिएका नगरले सार्जवनिक जग्गा दुरुपयोगबारे संयुक्त बजेट लगानी गर्ने प्रतिबद्धता जनाएका थिए । लामो समयदेखि सिमानामा रहेको सार्वजनिक जग्गा दुरुपयोग हुनाका साथै पर्यटन शुल्कमासमेत भक्तपुरको चाँगुनारायण नगर र काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरबीचको विवाद समाधान गरिएको थियो ।

भक्तपुरस्थित अतिक्रमण नियन्त्रण व्यवस्थापन कार्यदलको प्रतिवेदन अनुसार नगरकोटमा सञ्चालित होटलमध्ये वन तथा सार्वजनिक जग्गा क्लब हिमालय होटलले १३ रोपनी अतिक्रमण गरिएको जनाइएको छ । त्यसैगरी द फोर्टले पाँच रोपनी, रूपेस माउन्टेनले एक रोपनी, होटल भ्यू प्वाइन्टले दुई रोपनी र मधुवन होटलले एक रोपनी जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा उल्लेख छ । लस्ट होराइजन, घर छाप्रो, स्तुपा रिसोर्ट, सनसाइन होटल चौतारीलगायतले जग्गा अतिक्रमण गरेको जनाइएको छ ।

### त्रिभुवन...

भइरहेको प्रधानमन्त्री ओलीले नै सामाजिक सञ्जालबाट जानकारी दिए । 'अब यस्तो कहिल्यै नहोस्' ओलीले लेखेका छन्, 'सरकारले दुर्घटनामा परेर ज्यान गुमाएकाको शोकमा भोलि (बिहीबार) झण्डा आधा झुकाउने निर्णय गरेको छ र दुर्घटनाको छानबिन गर्न समिति गठन गरेको छ ।'

कतिययले उक्त जहाजमा किन १९ जना सवार भएको भनेर चासो राखेका छन् । कम्पनीले पोखरा लगेर चेक गर्न खोजेको थियो । पोखरामा जहाज मर्मतकै लागि दुई जना विदेशी प्राविधिक नेपाल आउँदै थिए । उत्पादक कम्पनीको विज्ञकै नेतृत्वमा पोखरामा बसेर जहाज मर्मत गर्ने उद्देश्यले काठमाडौंबाट लैजान खोजिएको थियो । कम्पनीका अनुसार एक महिना लगाएर जहाजको पूर्ण परीक्षण गर्ने तयारी थियो ।

### उच्च...

थियो । यौन शोषण गरेको जस्तो आरोप लागेको भन्दै समितिले २० गते उजुरीकर्ताको कुरा सुनेर बैठक स्थगित गरेको थियो ।

असार २१ गते तय भएर रोकिएको सुनुवाइ बुधबार भएको हो । गत असार २ गते बसेको संवैधानिक परिषदको बैठकले प्रधानलाई निर्वाचन आयोगको आयुक्तमा नियुक्त गर्न सिफारिस गरेको थियो । उक्त सिफारिसको पत्र परिषदले असार ४ गते सुनुवाइ समितिमा पठाएको थियो ।

प्रस्तावित आयुक्तविरुद्ध संसदीय सुनुवाइ समितिले असार ७ गते उजुरी आह्वान गरेको थियो । त्यसपछि प्रधानलाई यौन दुर्व्यवहार गरेको आरोप लगाउँदै चार वटा उजुरी परेका थिए । एक जना महिला आफैंले योन शोषणमा परेको उजुरी दिएकी थिइन् । ति महिलासँग सुनवाई समितिले असार २० गते उजुरीको आधार र कारणबारे छलफल गरेको थियो ।

उजुरीकर्ताले दिएको उजुरी र दिएका आधारमा सांसदहरुले प्रश्न गरेका हुन् ।

नेपाली कांग्रेसका सांसद ज्ञानेन्द्रबहादुर कार्कीले प्रधानको योग्यता र अनुभवमा प्रश्न नरहेको 'तर, तपाईंविरुद्धको उजुरी जटिल र गम्भीर छ । तपाईंमाथिको आरोप हेर्दा तपाईंलाई आभास होला' भनेर प्रश्न गरेका थिए ।

एमालेकी सांसद इश्वरी घर्तीले 'सन २०१७ देखि २०२३ सम्म एकजना महिलासँग सम्बन्ध भएको, त्यो सम्बन्ध राम्रोबाट सुरु भएर लेनदेनमा पुगेर टुंगिएको देखिएको' बताएकी थिइन् ।

संविधानको धारा २४५ को ६ को 'घ' मा उच्च नैतिक चरित्र भएको हुनुपर्ने व्यवस्था छ । यसैलाई आधार बनाएर प्रधानमाथि सांसदहरुले प्रश्न गरेका हुन् ।

सांसदहरुले प्रधानलाई आफ्नो उच्च नैतिक चरित्र पुष्टी गर्न भनेका थिए । तर, सांसदहरुको यस्तो प्रश्न प्रधानले पन्छाएका थिए ।

नेकपा माओवादी केन्द्रका सांसद जनार्दन शर्मा आरोप लागेको विषयमा अदालतमै मिलापत्र गरेको देखिएकोले उच्च नैतिक चरित्रको विषयलाई आर्कषित गर्ने बताउँछन् ।

कांग्रेसका सांसद जीवनले पनि अदालतमा मिलापत्र भएको देखिनुले उच्च नैतिक चरित्रको विषय आउने बताउँछन् ।

संविधानको धारा २४५ मा निर्वाचन आयोगसम्बन्धी व्यवस्था छ । उपधारा ६ मा आयोगको आयुक्तको योग्यता सम्बन्धी व्यवस्था छ । जहाँ मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको, (ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको पैंतालिस वर्ष उमेर पूरा भएको लगायतको व्यवस्था छ ।

उपधारा ६ को 'घ' मा 'उच्च नैतिक चरित्र भएको' हुनुपर्ने व्यवस्था छ । योन शोषणको आरोप लागेको र यो विषयमा अदालतमा समेत मिलापत्र भएको प्रमाणका आधारमा सांसदहरुले प्रधानलाई आफू 'उच्च नैतिक चरित्र भएको' पुष्टि गर्न आग्रह गरेता पनि प्रधान पन्छिएका हुन् ।

तर, समितिले आवश्यक निर्णय लिने बताउँछन् समितिका जेष्ठ सदस्यको हैसियतले समितिको सभापतित्व गर्दै आएका पशुपति शमशेर जबरा ।

राणाले भनेका छन्, 'प्रस्तावित आयुक्तको कुरा सुनिएको छ । थप छलफल आवश्यक भएपछि अर्को बैठक बस्नुपर्ने निष्कर्षमा पुगिएको छ । त्यसकारण अनुमोदन हुने वा नहुने विषयमा अब बस्ने बैठकमै छलफल हुन्छ ।'

### सीप...

इजरायल जाने कामदार बढी दक्ष मानिन्छन् । उनीहरुको मासिक तलब सुविधा पनि राम्रो रहेको छ । युरोपेली मुलुकमा नेपालीका हस्पिट्यालिटी, कन्स्ट्रक्सन, एग्रीकल्चर, नर्स, डक्टर, दक्ष इन्जिनियर, होटल म्यानेजर, घर बनाउने मेसन, कार्पेन्टर, टायल मेसन, कुक, किचेन हेल्परजस्ता काममा दक्ष नेपालीका लागि अवसर रहेको बताइन्छ । महिला कामदारका लागि क्लिनिङ, वेट्रेस, डाक्टर र नर्सलगायतका क्षेत्रमा माग रहेको छ ।

तर समयमा मागपत्र प्रमाणीकरण हुन नसकेका कारण राम्रो तलब सुविधा हुने युरोपेली मुलुकमा संस्थागतरुपमा नेपाली जाने क्रम लगभग शिथिलताको अवस्थामा रहेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् । यी देशहरुमा धेरै कामदार व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् ।

### सिंगापुर...

तीन जनालाई सिंगापुर पठाउने भन्दै रकम लिएको प्रहरीले जनाएको छ । राईलाई थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

# मुख्यमन्त्रीको शपथसँगै लुम्बिनीमा मन्त्रिपरिषद् विस्तार

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ९ साउन

लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यले पद तथा गोपनीयताको शपथ लिएका छन् । उनलाई प्रदेश प्रमुख अमिक शेरचनले सोमबार नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका थिए ।

नवनियुक्त मुख्यमन्त्री आचार्यलाई प्रदेश प्रमुख शेरचनले संविधानको धारा १७२ बमोजिम पद तथा गोपनीयताको शपथ गराएका छन् ।

लुम्बिनी प्रदेशको छैटौं मुख्यमन्त्री बनेका आचार्यलाई नेकपा एमालेका २९ र नेपाली कांग्रेसका २७ सहित ५६ प्रदेशसभा सदस्यको समर्थन छ ।

यस्तै संविधान धारा १६८ को उपधारा ९ बमोजिम बुधबार नै मुख्यमन्त्री आचार्यको सिफारिसमा नियुक्त आठ जना बिनाविभागीय मन्त्रीहरूलाई प्रदेश प्रमुख शेरचनले पद तथा गोपनीयताको शपथ गराए । मुख्यमन्त्री आचार्यले बुधबार नै एमालेबाट चार जना र कांग्रेसबाट चार जना बिनाविभागीय मन्त्री नियुक्तिको सिफारिस गरेका थिए ।

एमालेबाट रुपन्देहीका भूमिश्वर ढकाल, गुल्मीका दिनेश पन्थी, पाल्पाका




खेमबहादुर सारु मगर र दाङकी सीता शर्मा चौधरीले मन्त्रीको शपथ लिएका छन्।

कांग्रेसबाट गुल्मीका धनेन्द्र कार्की, प्यूठानका रोज राणा, दाङका प्रचण्डविक्रम न्यौपाने, बाँकेका बादशाह कुर्मीले मन्त्रीको शपथ लिएका छन् ।

कांग्रेसबाट अहिले मन्त्री बनाइएका मध्ये रोज राणा मात्रै यसअघि मन्त्री बनेका हुन् भने अरु सबै नयाँ हुन् ।

**मन्त्री छनोटप्रति कांग्रेसको असन्तुष्टि**

लुम्बिनी प्रदेशको मन्त्री छनोटमा बेवास्ता गरिएको भन्दै नेपाली कांग्रेस प्रदेश समितिले आपत्ति जनाएको छ । प्रदेशको मन्त्री छनोट गर्दा पार्टीलाई पूर्णतय बेवास्ता गरेर एकलौटी केन्द्रले सिफारिश गरेको भन्दै लुम्बिनी प्रदेश समितिले असन्तुष्टी जनाएको हो ।

लुम्बिनी प्रदेश समिति सभापति अमर सिंह पुनले ध्यानाकर्षण पत्र जारी गर्दै संघीयता एवं समावेशिताको मर्म र पार्टीको विधान विपरित निरकुंश शैलीमा मन्त्रीहरु छनौट हुँदा प्रदेश संरचना कमजोर हुने जनाएका छन् ।

प्रदेश पार्टीको अन्तर सम्बन्ध, अन्तर समन्वय र सहअस्तित्वमा सरकार गठन हुनुपर्ने भन्दै पार्टीका साथीहरुको मनोभावना विपरित गरिएको कार्यमा पुनर्विचार गर्न चेतावनी दिइएको छ । वैधानिक प्रकृया कुल्चेर गरिएको निर्णय नसच्चाए आफुहरु अप्रिय कदम चाल्न बाध्य हुने ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

'संघीयता र प्रदेश संरचनाप्रति वितृष्णा पैदा भइरहेका बेलामाथि बसेर डण्डा चलाउने प्रवृत्ति ठिक होइन', सभापति पुनले भने,'निर्णय पुनर्विचार नगरे साथीहरुसँग सल्लाह गरेर यथोचित निर्णय गर्छौं ।' सरसल्लाह बिनै माथिबाट निर्णय थोपरिएको उनले बताए ।

केन्द्रीय नेतृत्वले पेलेर लैजान खोजेकाले पहिलो चरणमा ध्यानाकर्षण गराइएको उनले बताए । प्रत्येक पटक केन्द्रीय नेतृत्वबाट हेपिएको भन्दै उनले यसको प्रतिवाद गर्ने बताए ।

लुम्बिनी प्रदेशको मुख्यमन्त्री एमालेको भागमा परेपछि कांग्रेसले पाँच मन्त्री पाउने सहमति भएको थियो । कांग्रेस सभापति शेर बहादुर देउवाले पाँचमध्ये चार मन्त्री संस्थापन पक्षबाट सिफारिस गरेका थिए । बुधबार भएको मन्त्रीमण्डल विस्तारमा कांग्रेसका चार जना मन्त्रीले सपथ लिएका छन् । नाम सिफारिस भएपनि बर्दियाका जन्मजय तिमिल्सिना भने सपथ ग्रहणमा उपस्थित भएनन् । अन्तिम समयमा उनलाई सभापति देउवाले ब्याक गराएको बताईएको छ । संस्थापन पक्षकै तिमल्सिनालाई किन रोकियो भन्ने स्पष्ट भएको छैन ।

इतर पक्षका प्रचण्ड विक्रम न्यौपाने तथा संस्थापन पक्षका धनेन्द्र कार्की, सरोज थापा र बादशाह कुर्मीले मन्त्री पदको सपथ लिएका छन् । एउटा खाली रहेको स्थानमा कसलाई पठाउने भन्ने यकिन नभएको नेताहरुले बताएका छन् ।

# बागमतीका मुख्यमन्त्री लामाले लिए शपथ, मन्त्रिपरिषद् विस्तार



**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, ९ साउन

बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामाले शपथ लिएका छन् । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले बुधबार एक समारोहबीच नवनियुक्त मुख्यमन्त्री बहादुर सिंह लामालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् ।

मुख्यमन्त्री लामाले शपथ लिएसँगै १० सदस्यीय मन्त्रिपरिषद् विस्तार गरेका छन् । मन्त्रीपरिषद्मा नियुक्त मन्त्रीहरुलाईसमेत मुख्यमन्त्री लामाले प्रदेश प्रमुख शर्माको समुपस्थितिमा शपथ ग्रहण गराए । नेकपा एमालेबाट ६ जना र नेपाली कांग्रेसबाट ३ जना मन्त्रीहरुले शपथ ग्रहण गरेका हुन् ।

१३ सदस्यीय मन्त्रीमण्डल बनाउने भनिएता पनि कांग्रेसको तर्फबाट ३ जना मन्त्रीले मात्रै शपथ ग्रहण गरेका छन् । बाँकी ३ जना मन्त्री आन्तरिक छलफलपछि केही दिनमै नियुक्त गर्ने मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

नेपालको संविधानको धारा १६८ को २ अनुसार साउन ८ मा मुख्यमन्त्री नियुक्त भएका लामा बागमती प्रदेशका पाँचौं मुख्यमन्त्री हुन् ।

एमालेबाट मन्त्री बनेका प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापाले स्वास्थ्य मन्त्रालय, कृष्ण सिलवालले वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन मास्केले भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेमभक्त महर्जनले श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

कांग्रेसबाट कुन्दनराज काफ्ले, श्याम खड्का, मधुकुमार श्रेष्ठले शपथ ग्रहण गरे पनि उनीहरूको जिम्मेवारी तोकिएको छैन । बाँकी ३ जना मन्त्री नियुक्त भएपछि कांग्रेसका तर्फबाट नियुक्त मन्त्रीहरुलाई मन्त्रालयको जिम्मेवारी दिइने मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

# 'नेपाल-पोर्चुगल दर्पण' स्मारिका विमोचन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ९ साउन

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् पोर्चुगलद्धारा प्रकाशित 'नेपाल-पोर्चुगल दर्पण' स्मारिकाको विमोचन गरिएको छ ।

संघले राजधानी लिस्बनमा आइतबार एक कार्यक्रमको आयोजना गरी स्मारिकाको विमोचन गरेको हो । स्मारिकाको विमोचन गर्दै संघका संस्थापक अध्यक्ष पूर्णबहादुर हमालले विदेशी भूमिमा रहेर नेपाली पुस्तक प्रकाशन गर्नु ऐतिहासिक र सरहानीय कार्य भएको बताए । पोर्चुगलमा रहेका नेपालीका लागि सूचनामुलक र सन्देशमुलक पुस्तक प्रकाशन गरेको भन्दै हमालले प्रशंसा समेत गरे ।

कार्यक्रममा बोल्दै गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य एवं स्मारिकाका सम्पादक राजकुमार




थापाले समग्र विषयवस्तुलाई समेटेर पुस्तक प्रकाशन गरिएको उल्लेख गर्दै पोर्चुगलबासी नेपालीका लागि पुस्तक अत्यन्तै उपयोगी र संग्रहणीय रहेको बताए । स्मारिकाका लागि लेख, रचना र साहित्यिक सामाग्री उपलब्ध गराएर पुस्तकलाई पठनीय र जानकारीमुलक बनाउन सहयोग गरेको भन्दै सम्पादक थापाले सबैप्रति आभार प्रकट गरे ।

संघका अध्यक्ष उमेश खड्काले पोर्चुगलबासी नेपालीको भावनालाई समेट्ने गरी पुस्तक प्रकाशन गरिएको बताउँदै पुस्तक प्रकाशन गर्न सहयोग गर्ने सम्बन्धित सबैलाई धन्यवाद ब्यक्त गरे ।

पुस्तकमा पोर्चुगलसम्बन्धी संक्षिप्त जानकारी, पोर्चुगलमा नेपालीको अवस्था, एनआरएनए गतिविधि, आधारभूत पोर्चुगिज भाषा, आप्रवासी सम्बन्धी कानूनी तथा कागजी प्रक्रिया लगायतका जानकारीमूलक लेख, रचना र साहित्य समेटिएको छ ।

# हाइड्रोपावर बन्द हुँदा अन्धकारमा बस्न बाध्य रिगुलीकावासी



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ९ साउन

उदयपुरको एक हाइड्रोपावर दुई वर्षदेखि बन्द हुँदा स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन् । जिल्लाको ताप्ली गाउँपालिका वडा नं. ४ अन्तर्गत रिगुलीमा रहेको राकुला हाइड्रोपावरको नहर वर्षाले बगाएको छ भने पावर हाउसका उपकरणहरु समेत बिग्रिएको अवस्था छ ।

२५ किलोवाटको हाइड्रोपावर बन्द हुँदा हुँदा रिगुली, थुम्की, जतनपुर, लगायत गाउँका स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन् ।

वर्षातले नहर बगाउने गरेको तथा पावर हाउसको उपकरण बिग्रिएर २ वर्षदेखि विद्युत बन्द भएको स्थानीयले बताएका छन् ।

ताप्ली गाउँपालिका ४ का वडाअध्यक्ष उमेश मगरले उक्त पावर हाउसबाट रिगुली, खोलागाउँ, भीरगाउँ, ठानागाउँ, थुम्की लगायत गाउँका ३ सय घरधुरीले बिजुली बाल्ने गरेको बताए । वडाअध्यक्ष मगरले सो पावर हाउस सञ्चालनको लागि कहिकतै पहल कदमी नभएको समेत बताए ।

राकुली हाइड्रोपावर निर्माण समितिका अध्यक्ष डिग बहादुर ठकुरीले अनुमानित १ करोड २५ लाख लागतमा हाइड्रोपावर निर्माण सम्पन्न भएसँगै सञ्चालनमा रहेको २५ किलोवाट बिजुली उत्पादन दिइरहेको सो पावर हाउसले गाउँ विकास समिति हुँदाको अवधिमा १,२,३,४,५,६,९ वडाका ३ सय घरधुरीले बत्ती बाल्ने गरेको बताए ।

ठकुरीले पावर हाउसको एल्सी बोर्ड बिग्रिएको र जेनेरेटरमा समस्या आउनुका साथै विद्युत महसुल उठ्न, मर्मत र प्राविधिक खर्च व्यवस्थापनमा समस्या भएको बताए । उनले पावर हाउस सञ्चालनको लागि पालिकाले बजेट नछुट्याएको र महंगो भएतापनि बिजुली बिक्री वितरणको लागि राष्ट्रिय प्रशारण लाइनमा जोड्ने विषयमा प्रदेश र केन्द्र सरकारसँग पहल गरिएको भएतापनि सकारात्मक नदेखिएको र सहयोगबाट पछि हट्दै समुदायले नै सञ्चालन गर्नु पर्नेमा जोड दिइएको बताए ।

नेपाल विद्युत वितरण शाखा उदयपुरको प्रमुख विजय बाबु खत्रीले बिजुली बत्ती बाल्नका लागि लाइन विस्तारसँगै पोल, मिटरबक्स, तार, ट्रान्समिटर जडान लगायत कार्यहरु धमाधम भइरहेको बताए । खत्रीले बिजुलीको लाइन विस्तारसँगै बिजुली बाल्ने काम पनि भएको बताए ।

ताप्ली गाउँपालिकाका अध्यक्ष ढुङ्गराज विकले राकुला हाइड्रोपावर सञ्चालनको लागि केही पहल कदमी अगाडि नबढाइएको जानकारी दिए ।

# चर्को स्वरमा डिजे बाजाउनेलाई ५ वर्ष कैद, ५० हजार जरिवाना

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ साउन




जिल्ला प्रहरी कार्यालय रौतहटले सार्वजनिक बाटो, सडक, विद्यालय, सरकारी कार्यालयलगायतका स्थानहरूमा सर्वसाधारणको जनस्वास्थ्यमा जोखिम बढ्न सक्ने गरी चर्को ध्वनिमा अभद्र र उच्छृंखल प्रकारको डिजे साउण्ड नबजाउन आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले एक सूचना जारी गरेर डिजे बाजाले सामाजिक तनाव तथा द्वन्द्वको वातावरण सिर्जना हुने गरेको, समाजमा मानसिक तथा शारीरिक समस्या उत्पन्न भएको,झै-झगडाका घटनाहरू बढेको, विद्यार्थीहरुको पठनपाठन तथा सरकारी कार्यालयहरुको कामकाजमा असर परेको र ध्वनि प्रदूषणले जनस्वास्थ्यमा प्रतिकूल असर पारेको भन्दै डिजे साउण्ड नबजाउन आग्रह गरेको हो ।

चर्को ध्वनिमा अभद्र र उच्छृंखल प्रकारको डिजे साउण्ड बजाएर समाजमा प्रतिकूल असर पार्ने कार्य गरेमा प्रचलित कानूनबमोजिम कारबाही हुनेसमेत जिल्ला प्रहरी कार्यालयले उल्लेख गरेको छ ।

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को दफा ११२ मा वातावरण प्रदूषित गर्न नहुने भन्ने व्यवस्था र सोही दफाको उपदफा (२) मा अधिकार प्राप्त अधिकारीको इजाजतबिना यान्त्रिक साधनबाट ध्वनि, रेडियोकर्मी विकिरण वा जोखिमपूर्ण फोहोर मैलाको उत्पादन, प्रसारण ओसार पसार गर्न आउन वा थुपार्न नहुने र सोही दफाको उपदफा (४) मा यस्तो कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको प्रहरीले जनाएको छ ।

यसैगरी मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को दफा १२४ मा सार्वजनिक उपद्रयाई गर्न नहुने व्यवस्था रहेको र सोको उपदफा (२) मा कसुर गर्ने व्यक्तिलाई २५ हजार रुपैयाँ जरिवाना हुने व्यवस्था रहेको समेत प्रहरीले प्रेस नोटमा उल्लेख गरेको छ । वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद ३ को दफा १५ को उपदफा १ बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण औद्योगिक प्रतिष्ठान, होटल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण नियन्त्रण गर्ने व्यवस्था रहेको र सो विपरीत कार्य गर्नेलाई यसै ऐनबमोजिम न्यूनतम ५ लाख रुपैयाँ जरिवाना र क्षतिपूर्तिदेखि अधिकतम ५० लाखसम्म जरिवाना तथा क्षतिपूर्ति भराउने कानूनी व्यवस्था रहेको समेत प्रेस नोटमा जनाइएको छ ।

ध्वनि प्रदूषणको कारण झिझ्याहट हुने, मानसिक समस्यामा वृद्धि हुने, गर्भवती महिलाहरूमा गर्भ खेर जान सक्ने समस्या हुने, मुटु रोगीहरूमा समस्या हुने, कान सुन्न सक्ने क्षमतामा कमी आउने, वृद्ध वृद्धाहरूको स्वास्थ्यमा समस्या हुने, बालवालिकाहरूमा रातिको समयमा बेचैन र अनिद्रा हुने, अनावश्यक अभद्र र उच्छृंखल गीत संगितले समाजिक सद्भावमा खल्ल पुग्ने, अस्पतालमा भएका बिरामीहरू र विद्यालयमा पढिरहेका विद्यार्थीहरूलाई असर पर्ने प्रहरीले उल्लेख गरेको छ ।

# ब्लड क्यान्सर पीडित गुल्मीका घर्तीलाई सहयोग गर्न अपिल



**काठमाडौं/मस-** गुल्मी दरबार गाउँपालिका वडा नं १ निवासी ४४ वर्षीय पर्शुराम घर्ती मगरको उपचारका लागि आर्थिक सहयोग गर्न नवजनविकास युवा परिवारले अपिल गरेको छ । झण्डै तीन वर्ष अगाडि मिर्गोला प्रत्यारोपण गरेका घर्ती मगरलाई ब्लड क्यान्सर देखिएपछि उपचार खर्च जुटाउन संस्थाले 'पर्शुराम घर्ती बचाऔं' अभियान सञ्चालन गरेको हो ।

क्यान्सरको उपचार पद्धति निकै खर्चिलो र आर्थिक अवस्था कमजोर रहेकोले अभियान शुरु गरिएको संस्थाले जनाएको छ। वीर अस्पताल काठमाडौंमा उपचाररत घर्ती संस्थाका संस्थापक अध्यक्ष एवम् सल्लाहकार समेत रहेका छन् । घर्तीलाई सहयोग गर्न निम्न खातामार्फत सहयोग गर्न आग्रह गरिएको छ ।

पर्शुराम घर्ती मगरको नाममा बुटवलमा रहेको खाता नं. ४७०७०१०००८८०६ मा सहयोग गर्न सकिने संस्थाले जनाएको छ । साथै ९८६७५४४५५३ मा सम्पर्क गरेर पनि आर्थिक सहयोग गर्न सकिने संस्थाले बताएको छ ।


## कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SHUMUA AL MUSTAQBAL FOR GEN.TRAD.EST — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०४/०४ — चलानी नं.: ६०२०४९२६ — LT. No.: 289651 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 7 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 7 | 0 | | 120 | ५२,४४४ | | | | | | | |

कम्पनी: ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०२/१४ — चलानी नं.: ६०२०२१०२ — LT. No.: 286738 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 23 | 15 | सम्बन्धित काममा दक्ष | 900 | ३२,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Factory Worker | 34 | 0 | | 900 | ३२,७४२ | | | | | | | |
| 3. | Stevdore | 18 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 4. | Ticket Collector | 25 | 14 | | 1000 | ३६,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन १७ गते (1 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेत रु. १०,००० युएइको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: TAFAWUT ENVIRONMENT SERVICES CO FZC L.L.C — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०४/०९ — चलानी नं.: ६०२२२६७० — L.T. No.: 307957

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 10 | 0 | | 900 | ३२,७४२ | | | | | | | |
| 3. | Mason (Nepal) | 5 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ साउन १७ गते (1 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP — Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. — Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

१० साउन २०८१, बिहीबार
25 July 2024, Thursday

## सम्पादकीय

# शंका निवारणको खाँचो

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको डिलमै सौर्य एयरलाइन्सको सीआरजे २००-९, एनएएमईको जहाज बुधबार दुर्घटनाग्रस्त हुँदा १८ जनाको निधन भएको छ । नियमित प्राविधिक जाँचका लागि पोखराका निम्ति उडेको जहाज दुर्घटनामा परेपछि बुधबार साँझ बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले अध्ययन आयोग गठन गरेको छ । छानबीन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्व महानिर्देशक रतिशचन्द्र लाल सुमनको नेतृत्वमा पाँच सदस्यीय आयोग गठन गरेको छ । यो आयोगलाई ४५ दिनको समय दिइएको छ । आयोग गठन गर्नु बाहेक प्रधानमन्त्री केपी शर्मा ओलीले दुर्घटनास्थलको अवलोकलन, उड्डयन प्राधिकरणका कर्मचारीहरूसँग ब्रिफिङ, राष्ट्रिय झण्डा आधा झुकाउने जस्ता निर्णय भएका छन् । दुर्घटनाको कारण आयोगले दिने प्रतिवेदनपछि नै थाहा हुनेछ । तर दुर्घटनाको प्रवृत्ति र प्रकृतिबारे भने नियामक निकाय गम्भीर बन्न जरूरी देखिन्छ ।

किनकि १ माघ २०७९ का दिन पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल नजिकै यती एयरलाइन्सको विघटन दुर्घटनाग्रस्त भएको थियो । काठमाडौंबाट पोखरा गएको त्यो विमान दुर्घटजामा ७२ जनाको मृत्यु भएको थियो । त्यसअघि २८ फागुन २०७४ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरभित्रै यूएस बंगला जहाज दुर्घटनाग्रस्तु बनेको थियो । त्यो विमान दुर्घटनामा ५१ ज्ना स्वेदशी एवं विदेशी नागरिकको जीवन गएको थियो । विमानस्थल परिसरभित्रै अथवा नजिकै भएको यी विमान दुर्घटनामा लगभग सबै यात्रुको निधन भएको थियो । बुधबार सौर्य एयरलाइन्सको विमानस्थलबाट भने एक जना पाइलट बाँच्न सफल भए । अरू सबैले दुर्घटनामा परेर ज्यान गुमाए ।


नेपाली आकाशमै विमान दुर्घटनामा परेको यो १०८औं हो । सबै विमान दुर्घटनामा ९५९ जनाले ज्यान गुमाइसकेका छन् । बुधबार भएको सौर्यको विमान विश्वमै सुरक्षित मानिन्थ्यो । क्यानडामा बनेको सीआरजे २०० जहाज विश्वभर एक हजार एक सय वटा बनेको छ । त्यस मध्ये एक दर्जन मात्र दुर्घटनामा परेकाले सुरक्षित जहाज मानिन्थ्यो । तर सुरक्षित मानिएकै जहाज दुर्घटनामा परेको छ, त्यो पनि विमानस्थल परिसरमै । यो विमान दुर्घटनाले थुप्रै प्रश्न उठाएको छ । त्यसैपनि युएईले नेपाली आकाशलाई खराब सूचीमा राखेको छ । खराब सूची हटाउन सरकारले पहल गरिरहँदा पनि विमान दुर्घटनाको क्रम अस्वभाविक छ । अझ उद्धारका निम्ति हुने ढिलाइ, नियमित चेकचाँज माथि प्रश्न जस्ता कारणले गर्दा आयोगहरूकै अध्ययनहरूमाथि समेत शंका गर्न थालिएको छ । आयोग बन्नु अगाडि नै यसलाई औपचारिकताका निम्ति मात्रै गरिएको टिप्पणी सुनिन्छ । त्यसैले दुखद् घटनाहरूलाई न्यूनिकरण गर्न पनि आयोगले विगतका टिप्पणीलाई खण्डित गर्नेगरी काम गर्नुपर्छ ।

## प्रधानमन्त्रीलाई खुला पत्र !

# ऐतिहासिक अवसरको सदुपयोग होस्



● खिमराज गिरी



*प्रधानमन्त्री ज्यू, तपाईंको नेतृत्वमा गठित सरकारसँग रणनीतिक सुधार र सक्रिय शासनमार्फत नेपालको भविष्यका लागि बलियो जग स्थापित गर्ने प्रशस्त अवसरहरू छन् । किनकि, तपाईं साथमा बलियो सहयोद्धा दल छ । तसर्थ, देशका यावत् समस्या र सम्भावनाबारे चर्चा गरी समाधान खोज्ने प्रयत्न गरेमा यो समय तपाईंको राजनीतिक भविष्य र मुलुकका निम्ति नै ठूलो अवसर हुनेछ ।*

**प्रधानमन्त्री ज्यू अभिवादन,**

गत साता मात्र प्रधानमन्त्रीमा नियुक्त हुनु भएकोमा बधाई तथा सफल कार्यकालको शुभकामनासहित अहिले तपाईं नेतृत्वको सरकारलाई यही पत्रमार्फत केही सल्लाह र सुझाव दिन चाहन्छु ।

वास्तवमा देशमा शाह वंशीय शासनलाई हत्याएर राणाहरूको करिब १०४ वर्षे जहानियाँ शासन व्यवस्था चल्यो । तैपनि उक्त समयमा श्री ३ जङ्गबहादुर राणाको जानी या नजानी बेलायत यात्राको क्रममा भएका उपलब्धि भनेको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपालमा गाभ्न सक्नु, भलै ढिलै प्रयोगमा आए पनि बेलायतबाट गिद्धे प्रेस ल्याउनु, विदेशमा जाँदा नेपालका शासकहरूको जिम्मेवार बोध गराउने शैलीबाट उनी टाढिएनन् । तथापि, जङ्गबहादुरले रोपेको जहानियाँ राणा शासनको वृक्ष वि.सं. २००७ सालको आन्दोलनले बढारियो ।

राणा हटे र प्रजातन्त्र आयो । जनताले ठुलो जित हात पारेको अनुभूतिसहित उल्लास मनाए ।

यद्यपि, व्यवस्था परिवर्तनको त्यो दशक जनतामा झन् निराशाको बादल मडारिन पुग्यो । जसको परिणाम स्वरूप पञ्चायती व्यवस्था आयो, राणाको ठाउँमा राजा आए । शासनको बागडोर सम्हालेका राजाले दलहरूमाथि प्रतिबन्ध लगाए । योबिच कम्युनिस्ट तथा प्रजातन्त्रवादीहरूको नेतृत्वमा जनता प्रजातन्त्र प्राप्तिको लागि आन्दोलनमा उत्रिए । राजाको शासन हटाउनकै निम्ति जनताले ठुलो त्याग र बलिदानी गर्नुऱ्यो ।

त्यो सङ्घर्षका बिच तपाईंको जेल जीवन पनि पर्दछ । तपाईंको १४ वर्षे कठोर प्रकृतिको जेल जीवनलाई सामान्य मान्न मिल्दैन । तपाईंजस्तै धेरै, तपाईंभन्दा पनि धेरै पीडित भए । हुन त यसलाई पीडा होइन, त्याग र बलिदानी भन्नुपर्छ । ३० वर्षे पञ्चायती शासन फाल्न सानो सङ्घर्षले सम्भव भएको होइन । नेपाली काँग्रेस र संयुक्त वाम मोर्चासहित अन्य शक्तिहरू पनि जसको लागि सहयोगी बने । सायद, बौद्धिक वर्ग सक्रिय नभइदिएको भए, आन्दोलन निर्णायक बन्न सक्ने थिएन ।

आन्दोलनको सफलतापश्चात् व्यवस्था मात्रै बदलिएन नेपालको राजनीतिक कोर्स पनि बदलियो । कम्युनिस्टहरू शान्तिपूर्ण प्रतिस्पर्धात्मक व्यवस्थामा आए भने अन्य थुप्रै प्रजातन्त्रवादी धाराहरू पनि सिर्जना भए । विभिन्न कम्युनिस्ट घटक र माले मिलेर नेकपा (एमाले) बन्यो । मदन भण्डारीको उदय पनि यही कालखण्डमा भएको थियो । जसको अहिलेसम्म पनि उत्तिकै सम्मान गरिन्छ ।

कम्युनिस्टलाई शान्तिपूर्ण प्रतिस्पर्धाको धारामा ल्याउने भण्डारीको अवसानपश्चात् एमालेभित्र निरङ्कुश शैलीको उदय भयो । लाग्छ, तपाईंको योगदान र प्रखरतालाई पनि त्यतिखेरदेखि नै दबाइएको थियो । तत्पश्चात् नेपाली राजनीतिमा भएको उतारचढाव, सामाजिक द्वन्द्व, विदेशी चलखेल जस्ता कुराले पार्टी र सरकारलाई स्थिरता सकेन । राजनीति लयमा अगाडि बढ्न सकेन । राजनीतिमा फेरि भिन्न परिस्थितिको सिर्जना भयो ।

१० वर्षे सशस्त्र द्वन्द्व अनि राजाको निरङ्कुश अभ्यास, यही बिचमा देखा परे । यही घटनाक्रमकै बिच देशले पनि नयाँ राजनीतिक कोर्समा आफूलाई लैजान सफल भयो । जहाँ तपाईं पनि सँगसँगै हुनुहुन्छ । ठुलो त्याग र बलिदानबाट प्राप्त यो व्यवस्थाको आज नेतृत्वकर्ताको रूपमा तपाईं विराजमान हुनुहुन्छ ।

२०२७ सालदेखि सुरु भएको तपाईंका राजनीतिक जीवनको आरोह-अवरोह सामान्य छैन । पूर्ण कालिन राजनीतिक जीवन सुरु गरे लगत्तै २०३० सालमा जेल चलान, २०४४ सालमा जेलबाट मुक्त, लगत्तै पार्टीको सक्रिय राजनीति । ०४७ सालमा युवा सङ्घको संस्थापक अध्यक्ष, २०४८ सालमा पहिलो पटक सांसदमा निर्वाचित भई २०५१ सालमा सरकारको गृहमन्त्री पनि हुनुभयो । यसरी २०७१ सालमा एमाले अध्यक्षमा निर्वाचित भई २०७२ सालमा पहिलो पटक प्रधानमन्त्री बन्न सफल हुनुभयो । २०७४ मा दोस्रो, २०७८ मा तेस्रो र हाल यही असार ३१ गते मात्र नेपालको कम्युनिस्ट इतिहासमा सबभन्दा बढी चौथो पटक प्रधानमन्त्री हुन सफल हुनुभयो ।

यसरी १५ वर्षको उमेरदेखि नै सङ्गठित राजनीतिमा लागेर देश र जनताको लागि जुन बलिदानी दिनुभयो त्यसमा अन्य प्रधानमन्त्रीको तुलनामा राष्ट्रियताको मामलामा २०७२ सालको नाकाबन्दी, देशले गुमाएको भूभाग लिपुलेक र लिम्पियाधुरा नेपालको हो भनेर गरिएको दाबी तथा संसदीय प्रक्रिया, त्यस्तै विकासका काममा जसरी स्व.कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानी काठमाडौंमा ल्याउने सपना देख्नुभयो र अहिले साकार भयो, त्यस्तै तपाईंले पनि सुरुङ मार्ग निर्माण, रेल, पानीजहाज, व्यापार, उत्तरी नाकाबारे, देशका विभिन्न जिल्लामा भएका सडक विकासका कार्यहरू, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम आदि राम्रा पक्षका कार्यहरू नेपाली जनताले भुल्न सक्दैनन् ।

तथापि, नेपालको राजनीतिमा देखिएको उतारचढाव र अझ पनि नेपाल गरिब देशमा गनिनु, यहाँ च्याउ उम्रिएजस्तै उम्रिएका राजनीतिक दल, रोजगारी नपाएर दैनिक हजारौं युवा बिदेसिएको दृश्य, सहरको चाप, रित्तिएको गाउँघर, आर्थिक मन्दी, सामाजिक विभेद, धार्मिक संस्कार फैलाउने नाममा विदेशीको चलखेल, भएका अथाह सम्पत्ति जल, जमिन, जङ्गल, जनावर, जडीबुटी आदिको सदुपयोग हुन नसक्नु, आर्थिक विकासको नाममा अस्थिर राजनीतिले देश विदेशीको चङ्गुलमा फस्ने हो कि भन्ने आशङ्का सबै नेपालीको मनमा उब्जिनु, विकासको नाममा देखिएको वर्षे असारे विकासको विकृति, स्थानीय निकायमा केही जनप्रतिनिधि तथा इतर पक्षबाट भएको प्राकृतिक दोहन, मौलाएको भ्रष्टाचार, कुनै पनि कार्यमा दोष देखाउने तर, दोषी भेट्टाउन नसक्ने परिपाटीको अन्त्य सबैले खोजेका छन् । गणतन्त्र ल्याएका हौं भन्नेहरूले साँवा ब्याज तथा स्याज सबै खान खोज्नु, अझै पनि देशका कयौं गाउँ बस्तीहरूमा बिजुली खानेपानीको अभाव तथा उत्पादित कृषि उपजहरूको निर्यातमा समस्या, यही काठमाडौं उपत्यकामा भएको पानीको असहजता, ढलको समस्या आदि थुप्रै समस्याहरूको चाङमा तपाईंका अगाडि यी यावत चुनौतीहरू थुप्रिएका छन् ।

**त्यसैले तपाईंलाई यो पत्रमार्फत निम्न कुराहरूमा ध्यानाकर्षण गराउन चाहन्छु :**

१. आर्थिक विकास : नेपालको अर्थतन्त्र बढी कृषि र रेमिट्यान्समा निर्भर रहकोले आधुनिक कृषि प्रणाली, पर्यटन व्यवसायमा जोड तथा साना तथा मझौला उद्योगमा विशेष ध्यान दिनुपर्नेछ ।
२. पूर्वाधार विस्तार गर्ने : सडक, पुल र ऊर्जा आयोजनालगायत अन्य पूर्वाधारमा लगानीले आर्थिक गतिविधिलाई बढवा दिनुपर्नेछ ।
३. सुशासन र पारदर्शितामा सुधार : सुशासनको लागि बलियो र पारदर्शी संस्थाहरूको निर्माण, भ्रष्टाचार उन्मुलन गर्न एउटा छुट्टै शक्तिशाली निकाय गठन गर्नुपर्ने जसमा निष्पक्ष र निश्कलंकीत भई अवकाश प्राप्त भएका कर्मचारीलाई छानबिन समितिमा राख्नुपर्ने र विगतमा देखिएका भ्रष्टाचारका फायल निष्पक्ष तवरले केलाउनु पर्नेछ ।
